## संस्थाको संक्षिप्त जानकारी

विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि. बर्दिया जिल्ला अन्तर्गत बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पर्ने लुम्बिनी प्रदेश बर्दिया जिल्ला ठाकुरबाबाको तपोभूमिको नामले परिचित ठाकुरबाबा न.पा.को वडा नं. ८, मह्लेलामा अवस्थित छ । बर्दिया राष्ट्रिय निकुञ्जले यस क्षेत्रलाई विश्वभरि चिनाएको छ । यहाँ अन्य जातिकोभन्दा थारु जातिको बहुल्यता छ । २०८२ असार मसान्तसम्म संस्थामा महिला १४,९८७ ,पुरुष ६,९५६ र समूह १२२ वटा गरी जम्मा २२,०६५ जना शेयर सदस्य छन् । संस्थाको कार्यक्षेत्र बर्दिया जिल्लाका सबै स्थानीय तह र बाँके जिल्लाका कोहलपुर न.पा., बैजनाथ गा.पा. र नेपालगंज उ.प.म.न.पा.मा रहेको छ । संस्थाको कार्य क्षेत्रमा ५०% निम्न आयस्तर भएका मानिसहरुको बसोबास रहेको छ । यहाँका मानिसहरु ८०% कृषिमा आधारित छन् ।

**यस संस्थाको संक्षिप्त जानकारी यस प्रकार रहेको छ ।**

**१) सुरुआत** :- बचत समुह गठन भएर ।
**२) सहयोगी संस्था** :- साप नेपाल ।
**३) दर्ता मिति** :- २०५२/०२/०३ ।
**४) दर्ता भएको जिल्ला** :- डिभिजन सहकारी कार्यालय गुलरिया, बर्दिया ।
**५) दर्ता नं.** :- ४/१९(१)०५१/०५२
**६) पा.नं.** :- ३०३२९४१६४

**७) संस्थापक सदस्यहरु :-**

१) राधा चौधरी
२) निमप्रसाद थारु
३) साईती थारु
४) तुलसीराम थारु
५) मटराम चौधरी
६) उमा शाह
७) दिलबहादुर पाण्डे
८) रामप्रसाद भट्टराई
९) वासुदेव भट्टराई
१०) कृष्णप्रसाद भट्टराई
११) विना भट्टराई
१२) नमान सिंह थापा
१३) दुखिराम थारु
१४) लालबहादुर थारु
१५) आनन्द विक्रम शाह
१६) खड्गबहादुर खड्का
१७) देशु थारु
१८) कृतिरुप भण्डारी
१९) महेशकुमार चौधरी
२०) जगतराम उपाध्याय
२१) कविता शर्मा
२२) सिता गौतम
२३) कलिराम चौधरी
२४) सुरत बहादुर शाह
२५) दिनेश चन्द्र गौतम
२६) रामबहादुर थापा
२७) डम्बरबहादुर थारु
२८) सितादेवि भट्टराई

**८) संस्थापक अध्यक्ष :-** खड्गबहादुर खड्का

**९) हालसम्मका अध्यक्षहरु :-**

१) खड्ग बहादुर खड्का (तदर्थ समिति) २०५२/०२/०३ देखि २०५२/०५/०५ सम्म
२) विना भट्टराई २०५२/०५/०६ देखि २०५४/०८/१५ सम्म
३) देशु थारु २०५४/०८/१६ देखि २०७७/१०/१६ सम्म
४) चित्र प्रसाद खनाल २०७७/१०/१७ देखि २०८१/०६/३० सम्म
५) गणेश प्रसाद आचार्य २०८१/०७/०१ देखि हालसम्म

**१०) कर्मचारी प्रमुखको व्यवस्था :-**

१) २०५२/०२/०३ देखि २०५४/०९/३१ सम्म सञ्चालक समितिबाट सञ्चालित
२) २०५४/१०/०१ देखि २०५६/०५/१५ सम्म कालिचरण थारु (अतिरिक्त समय)
३) २०५६/०५/१६ देखि लोकप्रसाद उपाध्याय (व्यवस्थापक)
४) २०७१/०९/१६ देखि हालसम्म कृष्णप्रसाद शर्मा (प्रमुख कार्यकारी अधिकृत)
५) २०८२/०३/३२ सम्म कर्मचारी संख्या ६२ जना ।

**११) संस्थाको कार्य क्षेत्र :-** बर्दिया जिल्लाका सबै स्थानीय तहहरु (ठाकुरबाबा न.पा.,मधुवन न.पा., बारबर्दिया न.पा., राजापुर न.पा., गुलरिया न.पा., बाँसगढी न.पा., गेरुवा गा.पा. र बढैयाताल गा.पा.) र बाँके जिल्लाको केहि स्थानीय तहहरु (ब्रजनाथ गा.पा., कोहलपुर न.पा. र नेपालगन्ज उ.न.पा)

**१२) सुरुआतको बचत दर :-** दैनिक ५० पैसा पर्ने गरी मासिक रु.१५।-

**१३) संस्थामा हालसम्म बनेका नीति निर्देशिका, कार्यविधिहरु :-**

| नीतिहरु | निर्देशिका र कार्य विधिहरु |
|---|---|
| १. बचत नीति | १. विश्वासिलो समृद्ध किसान महिला उद्यमी कार्यक्रम सञ्चालन निर्देशिका |
| २. ऋण नीति | २. सदस्य सेवा निर्देशिका |
| ३. आर्थिक प्रशासन नीति | ३. प्रोत्साहन निर्देशिका |
| ४. मानव संसाधन नीति | ४. नगद तथा तरलता व्यवस्थापन कार्यविधि |
| ५. सदस्यता राहात नीति | ५. साधारण सभा सञ्चालन कार्यविधि |
| ६.सदस्यता नीति | ६. सेवाकेन्द्र सञ्चालन कार्यविधि |
| ७. कोष परिचालन नीति | ७. बैठक सञ्चालन कार्यविधि |
| ८. निर्वाचन नीति | ८. सुचना प्रकाशन सम्बन्धी कार्यविधि |
| ९. शुसासन नीति | ९. सानो नगदी कोष सञ्चालन कार्यविधि |
| १०. बाह्य ऋण नीति | १०. सदावहार काउण्टर सञ्चालन कार्यविधि |
| | ११. सूचना प्रविधि कार्यविधि |
| | १२. व्यापारीक छुट कार्यविधि |
| | १३. कार्यालय व्यवस्थापन 5s कार्यविधि |
| | १४. सम्पत्ति शुद्धीकरण निवारण कानुन पालना सम्बन्धी कार्यविधि |
| | १५. संगठन तथा सामान्य आन्तरिक कार्यविधि २०७९ |

**क. परिकल्पना** (Vision) : "समुदायको पहिलो रोजाईको दिगो सहकारी" The community's First sustainale cooperative

**ख. ध्येय :-** (Mission)

सदस्यहरुको आवश्यकता केन्द्रीत प्रतिस्पर्धी मुल्यमा प्रविधिमैत्री गुणस्तरीय सेवा प्रदान गर्ने ।

## ३. उद्देश्य :-

### अ) दिर्घकालीन उद्देश्यहरु :-

- संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।
- सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने ।
- सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको पुँजीको उपयोग बढाउने ।
- सदस्यहरुको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने खालका सेवामूलक कार्यक्रमहरु संचालन गरी सहकारिताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने ।
- सहकारी मार्फत उद्यमशिलतको विकास गर्न स्थापना हुने विशिष्टिकृत सहकारी संघहरुमा सहभागी हुने ।

### आ) अल्पकालिन उद्देश्यहरुः संस्थाको पञ्चवर्षिय रणनितिक योजानका लक्ष्यहरु

- भाखा नाघेको ऋण असुली गर्ने ।
- रु.१५ करोड शेयर पुँजी पुऱ्याउने ।
- रु.१० करोड जगेडा कोष पुऱ्याउने ।
- रु.१४० करोड ऋण लगानी गर्ने ।
- सेवाकेन्द्र ३० वटा पुऱ्याउने ।
- कार्यक्षेत्र २ वटा जिल्लासम्म पुऱ्याउने ।
- कर्मचारी १०० जना पुऱ्याउने ।
- सदस्य ४० हजार पुऱ्याउने ।
- २०००० जनालाई सहकारी शिक्षा तथा विस्तारित मञ्च र वित्तीय शिक्षा दिने ।
- १०० वटा कृषि उद्यमी समुह संचालन गराई १००० जना सदस्यलाई उद्यमी सदस्य बनाउने ।
- सेवाप्रदायक संस्थासँग समन्वय गरि कोपकार्ड सुविधाका लागि १००० वटा कार्ड संचालन गर्ने ।
- १०००० सदस्यलाई मोवाईल एप्समा सहभागी गराउने ।
- समिति, उपसमितिलाई ३ वटा तालिम सहभागी गराउने ।
- शेयर सदस्य, कर्मचारी तथा संचालकका लागि ३ वटा अध्ययन अवलोकन भ्रमण गर्ने ।
- त्रैमासिक समिक्षा कार्यक्रम गर्ने ।
- वाह्य ऋणको अनुपात ५ प्रतिशतभन्दा कम हुने गरी ।
- भाखा नाघेको ऋण ५ प्रतिशतभन्दा कम कायम गर्ने ।
- विद्यालय स्तरीय ५ वटा संरक्षण शिक्षा कार्यक्रम संचालन गर्ने ।
- वार्षिक रुपमा २ पटक रक्तदान कार्यक्रम गर्ने ।
- वार्षिक रुपमा पालिका स्तरमा ४ जनाका दरले छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता दिने ।
- सदस्य राहत कार्यक्रमलाई निरन्तरता दिने ।

- दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिने ।
- लघुवित्त कार्यक्रमलाई किसान समृद्धि महिला लघुउद्यम कार्यक्रममा रुपान्तरण गर्ने ।
- कर्मचारीका लागि वार्षिक रुपमा ४ वटा तालिम संचालन गर्न केन्द्रीय संघ तथा सहकारी बैंकसंग सम्झौता गर्ने ।
- कृषि कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न एउटा गाडी खरिद गर्ने ।
- क्षेत्रगत रुपमा वार्षिक स्वास्थ्य शिविर कार्यक्रम संचालन गर्ने ।
- प्रोवेशन कार्यक्रमको सक्सिड ब्राण्ड लिने ।
- एक्सेस कार्यक्रममा सहभागी हुने ।
- २५ वटा सेवाकेन्द्रको सम्भाव्यता अध्ययन गर्ने ।
- औषत कुल सम्पत्तिको अनुपातमा २ प्रतिशत शुद्ध नाफा कायम गर्ने ।
- आन्तरिक लेखापरिक्षणका लागि विज्ञसंग सम्झौता गर्ने ।
- वार्षिक रुपमा १० प्रतिशत सदस्यको सन्तुष्टि सर्वेक्षण गर्ने ।
- वार्षिक साधारण सभा हुने मिति तोकिएको सार्वजनिक सुचनाको माध्यमबाट जानकारी दिने ।
- संगठनात्मक संरचनामा विभागहरु व्यवस्था गर्ने ।

**आवद्धता :**

१. जिल्ला बचत तथा ऋण सहकारी संघ, बर्दिया
२. जिल्ला सहकारी संघ, बर्दिया
३. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ, काठमाण्डौ
४. राष्ट्रिय सहकारी बैंक, काठमाण्डौ

# अध्यक्षको मन्तव्य



गणेश प्रसाद आचार्य
अध्यक्ष

विभिन्न कालखण्ड,आरोह,अवरोहको विषम घडीका बाबजुत उल्लेख्य ख्याति निर्माण गरी र सफलता प्राप्ति गर्ने अनि केहि चुनौतीको सामना गरेरै भए पनि समाज परिवर्तन गर्ने तथा बर्दिया जिल्लाकै सबल सहकारी र उच्चतम सदस्यले विश्वास गर्ने घर निर्माण गर्ने दृढता सहित सहकारीतालाई नै मूल मर्म बनाएर वि.सं. २०५२।०२।०३ गते २८ जना शेयर सदस्यहरुबाट दैनिक ५० पैसा रकम संकलन गर्ने गरी साविक ठाकुरद्वारा गा.वि.स.को वडा नं. २ र ९ (हाल ठाकुरबाबा न.पा. ८) मा कारोबार गर्ने र आर्थिक उन्नयनका लागि गाऊँ,बस्ती र समाजमा रहेका आम सर्वसाधारण आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरु जसले प्रत्यक्ष वा परोक्ष रुपमा ठूलासाना कुनै पनि आर्थिक कारोबारका लागि बैंक तथा वित्तिय संस्थामा पहुँच नभइ समस्या परेका बेला महंगो ब्याजको मार सहेर समेत ऋण काड्नुपर्ने अवस्थालाइ सानो पूँजिबाट पनि त्यो समस्याको समाधान गर्न सकिन्छ भन्ने अठोट लिएर आम सर्वसाधारण आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुको सुखदुःखमा सबै सँगसँगै अघि बढ्दै समाजको भरोसा र विश्वासको जगमा स्थापित र हालसम्म २२,००० भन्दा बढी सदस्यको आर्थिक भावनात्मक भरोसाको गर्विलो साथमा संचालित यस विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३० औं वार्षिक साधारण सभामा पाल्नुभएका प्रतिष्ठित व्यक्तित्व प्रमुख अतिथि ज्यू, विषेश अतिथि ज्यू,समाजका हरेक परिस्थितिमा समाजकै उन्नयनका लागि विषेश भुमिका निर्वाह गर्ने राजनैतिक दलका प्रतिनिधि ज्यूहरु, सहकारी तथा अन्य संघ संस्थाबाट यस सभालाइ भव्य तथा सभ्य बनाउन आउनुभएका आदरणीय अतिथिज्यूहरु, संस्थाका सम्पूर्ण संस्थापक आदरणीय अग्रज ज्यूहरु, पूर्व संचालक पदाधिकारी तथा सदस्य ज्यूहरु, लेखा सूपरिवेक्षण समितिका पदाधिकारी जयूहरु, जनताको आवाज तथ्यपरक रुपमा प्रवाह गर्न सधैं अघि सर्ने आदरणीय पत्रकार ज्यूहरु, संस्थाका वर्तमा संचालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु, विभिन्न उपसमितिका संयोकजक तथा सदस्य ज्यूहरु, सेवाकेन्द्र संयोजक ज्यूहरु, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनका अधिकृत ज्यूहरु, संस्थाका सम्पूर्ण कर्मचारीहरु तथा यस संस्थाका मालिक, मेरुदण्ड आदरणीय समपूर्ण शेयर सदस्य ज्यूहरुमा संस्थाको र मेरो व्यक्तिगत तर्फबाट स्वीकार्नुहोस् न्यानो सहकारी अभिवादन ! जय सहकारी !

आज यहाँ यस विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३० औं वार्षिक साधारण सभामा तपाई सबैसामू संस्थाको बारेमा बोल्दै गर्दा मेरो हृदय कृतज्ञता र गर्वले भरिएको छ। **३० वर्ष अघि थोरै संकल्प र ठूलो आर्थिक कान्तिको सपना बोकेर** २८ जनाको समूहबाट स्थापित हाम्रो संस्था आज २२,००० भन्दा बढी सदस्यमाझ फैलिँदै गर्दा संस्थाले करिब ८० करोड बराबरको

कारोबार संचालन गर्दै आएको छ । बर्दिया जिल्लाका सबै पालिका र बाँके जिल्लाका ३ पालिका कार्यक्षेत्र, संस्थाको सदस्यमैत्री अठोट, सदस्यको विश्वास र साझा प्रयासले हामीलाई दिगो विकासको बाटोमा अझ सक्रिय र सबल ढंगले अघि बढाइरहेको छ ।

संस्थाको ऐतिहासिक ३० औं वार्षिक साधारणसभा मनाऊँदै गर्दा संस्थालाई अझ सशक्त, पारदर्शी र सदस्यमैत्री बनाउने दिशातर्फ हामीले महत्वपूर्ण कदम उठाएका छौं । देशले कोरोना, भूकम्प तथा प्राकृतिक विपदको सामना गर्दैगर्दा हामीले सदस्यको बचत सुरक्षा, कर्जा सहज उपलब्धता, उत्पादनशिल क्षेत्रमा लगानी प्रोत्साहन तथा सामाजिक उत्तरदायित्व निर्वाह गर्ने कार्यबाट समुदायमा योगदान गरेका थुप्रै कार्यले गर्दा यस संस्थाको प्रभावकारीता अझ स्पष्ट रुपमा ऐना जस्तै समाजले हेरेको र भोगेको आदरणीय शेयर सदस्य ज्यूहरु तथा सरोकारवाला सम्पूर्णमा अवगत नै छ । **संस्थाले मृत्यू राहत कार्यक्रम, सदस्य दूर्घटना मृत्यू बिमा कार्यक्रम, ऋण बिमा कार्यक्रम, सदस्यमैत्री ब्याज परिमार्जन, सहुलियतपूर्ण ऋण प्रवाह, रक्तदान कार्यक्रम, सुत्केरी कार्यक्रम, दिर्घरोगीलाई राहत, प्राकृतिक विपत राहत जस्ता कार्यक्रम लागु गरी सदस्यको जन्मदेखि मृत्यूसम्मको सारथीका रुपमा** सदस्यका हरेक सरोकारका विषयमा रचनात्मक तथा प्रतिफलयूक्त कार्य गर्दै सकेसम्म सदस्यलाई संस्थाको सदस्य बनिसके पश्चात् दिन सकिने आर्थिक सहजताको समेत ख्याल राखि सदस्यको आर्थिक तथा पारिवारिक हरेक समस्यामा सदस्यको आर्थिक बोझ कम गर्न हरसम्भव कर्म गरी रहेको छ । यद्यपी हामीले गर्ने हरेक निर्णयसँगै केहि जिम्मेवारी र केहि चुनौती पनि जोडिएर आउने हुँदा कतिपय हाम्रा निर्णयहरुले अपेक्षित परिणाम दिएको भए पनि केहि कार्यान्वयनका पक्षमा कमजोरी भएका भएमा क्षमा याचना माग्दछौं । कतिपय अवस्थामा संशाधन अभाव, सूचनाको पहूँच र सदस्य सम्वादमा हामी पछि परेका छौं भने पनि हामीलाई मार्ग निर्देश गर्ने र संस्थालाई अझै सुदृढ, सबल र गतिशिल बनाउने जिम्मा हामी सबैको साझा जिम्मेवारी रहने मैले बुझेको छु ।

सहकारीको इतिहास साँक्षी छ वि.सं. २०१० सालमा सहकारी विभागको गठन तथा २०१३ सालमा मन्त्रीपरिषद्को बैठकको निर्णय भए पश्चात चितवन जिल्लामा नेपालकै पहिलो बखान सहकारीको उदयसँगै नेपालमा सहकारी र सहकारीताको आधार बसेको देखिन्छ । त्यसयता नेपालमा स्थापित हरेक सहकारीले आफ्ना सदस्य, पिछडा वर्ग, गरिब तथा आर्थिक शोषणको मारमा परेका सर्वसाधारणलाई आर्थिक कारोबार सहज तरिकाले सर्वसुलभ ढंगबाट सबैसामु प्रवाह गर्न पनि सकिन्छ भन्ने प्रमाणित गरीसकेको छ । सहकारीका ७ सिद्दान्तको अधिनमा रहेर हाम्रो संस्थाले पनि विगत ३० वर्षदेखि सहकारीतामा समर्पण सहित हाम्रा तमाम शेयर सदस्यज्यूहरुमा सेवा प्रवाह गरिरहेको गर्विलो इतिहास छ ।

गर्विलो इतिहास सहित देशको आर्थिक उन्नयनमा साझेदारी गर्दै आएको सहकारी क्षेत्र जो यस देशको ३ खम्बे अर्थनीति भित्रको एक मेरुदण्ड हो यसलाई धमिलो बनाउन र अर्थतन्त्रमा प्रतिकुल प्रभाव पार्ने दुश्प्रयासले गर्दा कानुन विपरित गएर केहि व्यक्तिहरुले सहकारीको रकम अपचलन गर्ने, गर्जो चलाउन लिएको ऋण तिर्दैन भन्ने वातावरण सिर्जना गरिरहेको देखिन्छ । यसको प्रभाव देशभरका सबै सहकारीमा पर्दै गर्दा सहकारीबाट लिएको ऋण तिर्दैन भन्ने भाव हाम्रा केहि शेयर सदस्य ज्यूहरुमा समेत जागृत भएको पाइन्छ । यस्तो प्रकारको गैर कानुनी र अमर्यादित कुराको पछाडी कोहि पनि लाग्नु हुँदैन । यस्तो मनोभाव र परिस्थितिका कारण संस्थाले अपेक्षाकृत मुनाफा कमाउन नसक्ने र जोखिम बढी भै घाटा बेहोर्नुपर्ने हुँदा शेयर सदस्यलाई शेयर लाभांश समेत वितरण गर्न नसकिने स्थिति निम्तने खतरा बढ्छ र संस्था प्रगतिको बाटोबाट बाहिर जान्छ ।

तसर्थ असल नियतले आफ्नो खुन पसिनाले कमाएर जोगाएको रकमलाइ यस संस्थामा बचत गरी सुरक्षित राख्नु भएका सदस्य ज्यूहरुको बचत सुरक्षण गर्नु हाम्रो मुख्य काम भएकाले गैर कानुनी प्रचारको पछाडी नलागि हजारौं सदस्यको बचतको सुरक्षण तथा संस्थाको उन्नती प्रगतिको लागि सहकार्य गर्न र संस्थाको मूल्य मान्यतामा रहि संस्थाको हितको कार्यमा सँगसँगै हातेमालो गरी अगाडि बढ्न यस संस्थाका ऋणी सदस्यज्यूहरुमा हार्दिक अपिल समेत गर्दछु । साथै यस विषम परिस्थितिमा संस्थाका सम्पूर्ण समिति, उपसमिति र कर्मचारी ज्यूहरुको यस्तै विषेश साथ सहयोग र भुमिकाको लागि पनि हार्दिक अनुरोध गर्दछु ।

देश अहिले आर्थिक, सामाजिक र राजनैतिक चुनौतीको कुहिरोभित्र छ , मूल्यवृद्धि, रोजगारी संकट, कृषि उत्पादनमा अरुचि तथा प्राकृतिक रुपमा हुने विषम चुनौतीले आम नागरिकको जीवनमा प्रभाव परेको छ । कहिँ कतै सहकारीको मर्म विपरित कार्य गर्ने सहकारी र त्यस्ता सदस्यले गरेका कार्यको अविश्वासको मर्का सिद्धान्तमा आधारित भएर संचालन भएका राम्रा सहकारीमा समेत परेको वर्तमान अवस्था छ । यस चुनौतीपूर्ण परिस्थितिमा पनि हाम्रो सहकारीले सदस्यलाई स्थिरता, भरोसा र वित्तीय सुरक्षा प्रदान गर्न विश्वासयोग्य भुमिका खेलिरहेको अवस्था सम्पूर्णमा विदितै छ ।

बर्दिया जिल्ला हाम्रो मातृभूमि केवल कृषिप्रधान क्षेत्र नभइ यहाँको भाषा, संस्कृति, पर्व (त्योहार र मेहनती समुदाय पनि हाम्रो संस्थाको मूल शक्ति हुन् । थारु, ब्राह्मण (क्षेत्री, मुसलमान र अन्य जातजातिका साँस्कृतिक मिश्रणले समेत यहाँको जीवनमा विविधता सहितको उत्साह थपेको छ । यीनै सँस्कृति,जातजाति र संस्कारको बलम सहकारीताको आधार स्तम्भ बर्दिया जिल्ला पनि बनेको छ । यी सबै विविधतालाई आत्मसाथ गर्दै हामीले हाम्रो सहकारीलाई सँगसँगै अघि बढायौं भने यस संस्थासँगै हाम्रो समग्र क्षेत्र नै जाज्वल्य उपलब्धिको सम्भावना बनेर उदाउने छ । सहकारी '**एकका लागि सबै र सबैका लागि एक**' यसै कारण भनिएको हो भन्ने मान्यता मैले राखेको छु ।

आदरणीय शेयर सदस्य ज्यूहरु, तपाईंहरुको अथक सद्भाव, सहभागिता, आलोचनात्मक तथा रचनात्मक सुझाव र अटुट भरोसाबीना यो सहकारीले आज यो उपलब्धि हाँसिल गर्न सम्भव थिएन । आगामी दिनहरुमा हामी अझ पारदर्शी, प्रविधिमैत्री, वित्तिय सशक्तिकरण, सदस्य कल्याण केन्द्रियता र सहअस्तित्वको भावनामा केन्द्रित भएर नै अघि बढ्नेछौं । हाम्रो लक्ष्य केवल मुनाफारलाभ कमाउनु मात्र होइन, सदस्यको हरेक सुख दुःखको विश्वास र सहजकर्ता बनि सदस्यको जीवनस्तर उकास्नु, समुदायमा आर्थिक सशक्तिकरण स्थापित गर्नु र समग्र सहकारी क्षेत्रको बहूआयामिक संस्था निर्माण गरी हरेक भाषा, संस्कृति र पहिचानको सम्मान गर्दै समृद्धिको बाटो सबै सदस्यमाझ साझा गर्नु हो ।

अन्तमा,

यस संस्थालाई ३० औं वर्षदेखि डोऱ्याउँदै संस्थाको उन्नयनका लागि हरेक समय परिस्थितिको प्रवाह बिना संस्थालाई यस उचाइमा पुर्याउनु भएका तपाई तमाम शेयर सदस्य ज्यूहरुलाई हृदय भरिको आभार व्यक्त गर्दछु । यस ३० औं वार्षिक साधारण सभालाई भव्य रुपमा सफल बनाउनका लागि आफ्नो अमूल्य समय दिइ यस संस्थाको गौरवमय साधारणसभामा उल्लासमय सहभागी भै दिनुभएका प्रतिष्ठित व्यक्तित्व प्रमुख अतिथि ज्यू, विषेश अतिथि ज्यू,समाजका हरेक परिस्थितिमा समाजकै उन्नयनका लागि विषेश भुमिका निर्वाह गर्ने राजनैतिक दलका प्रतिनिधि ज्यूहरु,सहकारी तथा अन्य संघ संस्थाबाट यस सभालाइ भव्य तथा सभ्य बनाउन आउनुभएका

आदरणीय अतिथिज्यूहरु,संस्थाका सम्पूर्ण संस्थापक आदरणीय अग्रज ज्यूहरु,पूर्व संचालक पदाधिकारी तथा सदस्य ज्यूहरु, लेखा सूपरिवेक्षण समितिका पदाधिकारी जयूहरु, जनताको आवाज तथ्यपरक रुपमा प्रवाह गर्न सधै अघि सर्ने आदरणीय पत्रकार ज्यूहरु, संस्थाका वर्तमा संचालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु,विभिन्न उपसमितिका संयोकजक तथा सदस्य ज्यूहरु, सेवाकेन्द्र संयोजक ज्यूहरु, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनका अधिकृत ज्यूहरु, संस्थाका सम्पूर्ण कर्मचारीहरु तथा यस संस्थाका मालिक, मेरुदण्ड आदरणीय समपूर्ण शेयर सदस्य ज्यूहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

हाम्रो ३० औं वार्षिक साधारणसभा केवल संख्या होइन : विश्वास, संघर्ष, उपलब्धि र हाम्रो साँस्कृतिक पहिचानको प्रतीक हो । आउँदा दिनमा पनि हामी एउटै परिवार बनेर हाम्रा साझा लक्ष्य प्राप्तिका लागि एकमत, प्रतिवद्धता र भरोसा सँगै अघि बढ्नेछौं । ६८ औं राष्ट्रिय सहकारी दिवसको नारा जुन थियो '**मर्यादित सहकारी : समुन्नत समाज**' यसैको मर्मलाई आत्मसाथ गर्दै सहकारी क्षेत्रबाट समाजको कायापलट गर्न हामी हातमा हात, साथमा साथ मिलाई एकताबद्ध भै सहकारीको मूल्य र मान्यता प्रति कटिबद्ध रहने अठोटका साथ **तपाईंको खुन पसिना र मेहनतले आर्जेको रकम कुनैपनि अवस्थामा असुरक्षित रहने छैन** भन्ने दृढ संकल्प र सुरक्षाको आधार स्वरुप संस्थाको हरेक गतिविधिको परिणाममुखि नतिजाको साँक्षी बसेको म लगाएतको समितिले आदरणीय शेयर सदस्य ज्यूहरुको सुझाव सल्लाह र मार्ग निर्देशनमा संचालित हुने प्रण तथा संकल्पका साथ शुभ दिपावली तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ! जय सहकारी !

| सहकारीका सिद्वान्तहरू : | सहकारीका मूल्य मान्यताहरू: | |
|---|---|---|
| | आधार मूल्यहरु | नैतिक मूल्यहरु |
| १. स्वैच्छिक तथा खुल्ला सदस्यता | आत्मा सहयोग | इमान्दारीता |
| २. सदस्यहरूको प्रजातान्त्रिक नियन्त्रण | स्वःउत्तरदायित्व | खुल्लापन |
| ३. सदस्यहरूको आर्थिक सहभागिता | प्रजातन्त्र | सामाजिक उत्तरदायित्व |
| ४. स्वायत्तता तथा स्वतन्त्रता | समानता | अरूको हेरचाह |
| ५. शिक्षा, तालिम र सूचना | समन्याय | |
| ६. सहकारी बिच सम्बन्ध | ऐक्यवद्धता | |
| ७. समुदायप्रति चासो | | |

# आ.व. २०८१/०८२ को प्रगती तथा प्रस्तावित नीति तथा कार्यक्रम २०८२/०८३



मंगरु थारु
सचिव

३० औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, यस सभाका प्रमुख अतिथिज्यू, विभिन्न कार्यालय, संघ संस्थाबाट पाल्नुभएका अतिथिज्यूहरु संस्थाका मेरुदण्ड आदरणीय शेयर सदस्यज्यूहरु, केन्द्रीय प्रतिनिधिज्यू, सञ्चालक समितिका मित्रहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु पत्रकार, सुरक्षाकर्मी, संस्थाका सम्पूर्ण कर्मचारी वर्ग र शुभचिन्तक महानुभावहरुमा संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं नमस्कार ।

हाम्रो विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि. ३० औं वसन्त पार गर्दै अगाडि वढेको छ । हाम्रो संस्थाले नेपाल सरकारका ऐन कानुनसँग नबाझिने गरी शेयर सदस्यहरुलाई सुविधा पुऱ्याउने खालका नीति नियम निर्माण गर्दै आफ्ना सेवामुखी कार्य गर्दै आएको छ। राज्यले तीनखम्बे अर्थ नीति अन्तर्गत सहकारीलाई समेटेको कुरा सर्व वितिदै छ। शेयर सदस्यहरुको आर्थिक, सामाजिक र सँस्कृतीक रुपान्तरणका लागि सदस्य मुखि कार्यक्रमलाई सञ्चालन गर्दै आएको छ। शेयर सदस्यलाई छिटो छरितो सुविधा पुऱ्याउने हेतु सेवा केन्द्रबाटै बचत र लगानीका कार्य गर्ने व्यवस्था पनि यथावत छ । यस संस्थाको कार्य क्षेत्र बर्दिया जिल्लाका सबै स्थानीय तह र बाँके जिल्लाको बैजनाथ गा.पा., कोलहपुर न.पा र नेपालगन्ज उ.म.न.पा. रहेको छ। कार्यक्षेत्रका विभिन्न स्थानमा सेवाकेन्द्र खोली शेयर सदस्यहरुलाई सेवा उपलव्ध गराउँदै आएका छौं । केन्द्रीय कार्यालय र सबै सेवा केन्द्रहरुवाट रेमिटान्स सेवा चलाउँदै आएकोमा यसलाई अझै व्यवस्थित गरी सुविधा दिइनेछ ।

जवसम्म नेपाली नागरीकहरुको आर्थिक सामाजिक र सांस्कृतिक विकास हुँदैन तवसम्म देशले विकासको गति लिन सक्दैन भन्ने वर्तमान नेपाल सरकारको विचारलाई पछ्याउँदै, हाम्रो संस्था आफ्ना शेयर सदस्यहरुको जीवनशैली परिवर्तनमा कटिवद्ध छ । संस्थाले शेयर सदस्यहरुलाई आय आर्जनका कार्यहरुवाट आत्मनिर्भर हुनु पर्नेमा जोड दिदै आएको छ । सामुहिक जमानीमा विनाधितो ऋण लगानी गर्दै विश्वासिलो समृद्ध किसान महिला उद्यमी कार्यक्रम यसको ज्वलन्त उदाहरण हो । शेयर सदस्य ज्यूहरु ! गत २९ औं वार्षिक साधारण सभादेखि हालसम्म यस संस्थाबाट भए गरेका कार्य विवरणहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

**१. यस आ.व. भित्र गरिने नयाँ कार्य तथा जोखिम न्युनीकरण सम्बन्धी योजना :**

❖ **सदस्य राहत कार्यक्रम** : शेयर सदस्यको परिवार हुने सुखद तथा दुखद कार्यमा संस्थाले सदस्य राहत नीति बमोजिम विभन्न राहत सहयोग उपलब्ध गराउदै आएकोमा सो सुविधालाई अझ

सरल र छिटो छरितो गरिनेछ । गत साधारण सभादेखि हालसम्म यस प्रकार विभिन्न राहत सहयोग गरिएको छ ।

| सुविधा | संख्या/जना |
|---|---|
| सदस्यको मृत्यु राहत | ५५ |
| सदस्यको श्रीमान/ श्रीमतीको मृत्यु राहत | ३० |
| सुत्केरी सुविधा | १०१ |
| आगलागी राहत | १० |
| दिर्घरोगीलाई सहयोग | ४ |
| परिवारनियोजन सुविधा | १ |
| **जम्मा** | २०१ |

- **सदस्य दुर्घटना बिमा कार्यक्रम** : प्रत्येक सदस्यको लागत सहभागितामा ४ लाख बराबरको दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । हालसम्म दुर्घटनामा परि निधन भएका २६ जना सदस्यहरुलाई रु ४ लाखका दरले बिमा रकम हस्तान्तरण गरिएको छ ।
- **ऋणी बिमा कार्यक्रम** : ऋणको जोखिम कम गर्न ऋण लगानी रकम बराबरको ऋण बिमा कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रमलाई निरन्तरता दिइनेछ। २०८१ असोजदेखि यता ऋण बिमा वापत १९ जना मृतक ऋणीका परिवारलाई रु.३२,१७,०००।- प्रदान गरिएको छ ।
- **छात्रबृत्ति कार्यक्रम** : आगामी वर्ष प्रति व्यक्ति कक्षा ८ मा १-१ जना छात्र छात्रालाई रु.२५००।– र एस.ई.ई.१-१ जना छात्र छात्रालाई ७५००।– का दरले उत्कृष्ट नतिजा ल्याउने हरेक स्थानीय तहबाट विद्यार्थी छनोट गरी छात्रबृत्ति वापत रकम प्रदान गरिनेछ। एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सेवाकेन्द्रबाट एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई ११ जना गरि छ जनालाई ७५०० का दरले रु.३७५००।-छात्रबृत्ति वितरण गरिएको थियो ।
- **मोवाईल बैंकिंग तथा एस.एम.एस. सेवा** : संस्थाले सदस्यहरुलाई कारोवार गर्न मोवाईल बैंकिङ्ग तथा मोवाइल एप्स र एसएमएस बैकिङ्ग सेवा लागु गरी नवीन्तम प्रविधिको प्रयोगबाट सूचना प्रणालीलाई व्यवस्थापन गर्न प्रयत्न गरिएकोमा हाल यो सेवा प्रयोग कर्ताको संख्या ६४० वटा रहेको छ । यस संख्यालाई आगामी वर्ष दोब्बर गरिनेछ ।
- **रेमिटान्स कार्यक्रम** : सदस्यको आवश्यकतालाई ध्यानमा राखी संस्थाका सबै सेवाकेन्द्रवाट रेमिट सेवा प्रदान गर्दै आइरहेकोमा यसलाई थप सरल तरिकाबाट सञ्चालन गर्न सेवाकेन्द्रले नै रेमिट सञ्चालन गर्ने प्रबन्ध मिलाइने छ। साथै वालेट सेवा समेत उपलब्ध गराउदै आएका छौ ।
- **ऋण लगानी** : विगत वर्षदेखि सदस्यहरुको व्यवसाय बृद्धि गर्न प्रोत्साहन होस् भन्ने उद्देश्यले विभिन्न शीर्षकहरुमा ऋणको सीमा १ करोड र अधिक्तम ऋण भुक्तानी अवधि १० वर्ष हुने गरी ऋण नीतिमा व्यवस्था गरी प्रदान गरिएको सेवालाई निरन्तरता दिइने छ। साथै २०८२ असार महिनामा भाखा नाघेको ऋण तथा पाउनु पर्ने ब्याज असुलिलाई प्रोत्साहन र सहुलियतका लागि हर्जना छुट गरिएको थियो । यसै गरी पुराना भाखा नाघेका रकम तिर्न बुझाउन सार्वजनिक सूचना जस्ता ऋण असुलीका कार्यक्रमहरु गरिएको थियो । आगामि वर्ष यस कार्यलाई अझ

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ऋण सम्बन्धि तालिम | २०८१।०९।२२ | कार्यरत कर्मचारी २५ जना | १ दिन | विश्वासिलो साकोस |
| ३ | फ्रन्ट डेस्क कर्मचारी तालिम | २०८१।१०।१६,१७ | कार्यरत कर्मचारी ३१ जना | २ दिन | |
| ४ | विद्यालय स्तरिय विद्यार्थी शिक्षा | २०८१।११।२२ | जनाविका ५३ जना विद्यार्थी | १ दिन | |
| ६ | बजेट योजना निर्माण | २०८२।०२।१७ | समिति तथा कर्मचारी ८० जना | १ दिन | |
| ७ | सहकारी शिक्षा तथा विस्तारित मन्च | विभिन्न मिति | १८९५ जना | १ दिन | |
| ८ | रक्तदान कार्यक्रम | २०८१।९।१० | ७१ जना | १ दिन | |
| ९ | पाल्म वर्कशप | २०८२।०१।१२ | अध्यक्ष, प्र.का.अ २ जना | १ दिन | नेफस्कून |

## २. शेयर सदस्य सम्बन्धी विवरण :

| क्र.स. | विवरण | गत वर्ष | यस वर्ष | आगामी वर्षको योजना |
|---|---|---|---|---|
| १ | महिला | १५१३० | १४९८७ | १७१५७ |
| २ | पुरुष | ६५६५ | ६९५६ | ८३०७ |
| ३ | समूहगत | ११२ | १२२ | १३५ |
| | जम्मा | २१८०७ | २२०६५ | २५५९९ |

## ३. गत साधारण सभादेखि २०८२ भाद्र मसान्तसम्म समिति, उपसमितिका वैठकहरु

सञ्चालक समिति : १२ वटा
लेखा सुपरीवेक्षण समिति : ३ वटा
ऋण उपसमिति : १६ वटा
शिक्षा उपसमिति : १ वटा
कार्यमुलक व्यवस्थापन उपसमिति : ६ वटा
महिला विकास उपसमिति : १ पटक
लघुउद्धम उपसमिति : १ पटक
युवा परिचालन उपसमिति : १ पटक
मासिक कर्मचारी समीक्षा : ११ वटा

## ४) गत साधारण सभादेखि २०८२ भाद्र मसान्तसम्म सञ्चालक समितिले गरेका मुख्य निर्णयहरु :

| बैठक मिति | भएका मुख्य निर्णयहरु |
|---|---|
| २०८१।०७।१२ | २९ औं वार्षिक साधारण सभा सम्पन्न भएको प्रतिवेदन स्वीकृती र उपसमिती गठन र नयाँ समितिका लागि नेतृत्व अभिमुखकरण कार्यक्रम आयोजना गर्ने । |
| २०८१।०८।०९ | मानव संशाधन आन्तरिक कार्यविधी संशोधन गर्ने । |
| २०८१।०९।०९ | रक्तदान कार्यक्रम संचालन गर्ने । |
| २०८१।१०।१४ | ब्याजदर विष्लेषण गरी परिवर्तन गर्ने । |
| २०८१।११।०९ | ऋण आन्तरिक कार्यविधी संशोधन, मोटरसाईकल लिलाम बिक्री गर्ने लेखा सुपरिवेक्षण समितिको पहिलो चौमासिक प्रतिवेदन कार्यान्वयन र भित्ते पात्रो छपाई गर्ने । |
| २०८१।१२।०८ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी जोखिम विश्लेषण गर्ने |
| २०८२।०१।०९ | आ.व. २०८२।०८३ को बजेट निर्माण शंसोधन, ३० औं वार्षिक स्थापना दिवस मनाउने । |
| २०८२।०२।०९ | भाखा नाघेको ऋण असुलीको लागी प्रकृया अगाढी बढाउने, |

| | |
|---|---|
| २०८२।०२।२७ | ऋण स्वीकृत गर्ने । |
| २०८२।०३।३१ | विभिन्न कार्यक्रम तथा कार्यहरुका विल भरपाई स्वीकृती र फछ्र्योट गर्ने । |
| २०८२।०४।०९ | सेवा प्रदायहरुलाई सुचिकृत हुन सूचना प्रकासन गर्ने र ब्याजदर परिवर्तन गर्ने । |
| २०८२।०५।१६ | सेवाप्रदायक सुचिकृत गर्ने र ३० औं वार्षिक साधारण सभा आयोजना गर्ने । |

**५) गत साधारण सभाले निर्णय गरेका निर्णयहरु कार्यान्वयनको अवस्था :-**

| विवरण | बृद्धि | प्रगती ٪ |
|---|---|---|
| सदस्य बृद्धि | २५८ जना | ७ |
| शेयर पूँजी | १५५८७०० | १२ |
| कोष बृद्धि | ६८२८३८८।१९ | २०३ |
| बचत | ६७६४२११७।५ | ३८ |

| | | |
|---|---|---|
| ऋण (लरर) | ३५७२१४४६।३ | १७ |
| ब्याज असूली | ८५६२११२५।६ | ६७ |
| खर्च भएको | ८२६५७५०९।२ | ८० |
| भाखा नाघेको ऋण | | ११.८२ |
| बचत, ऋण, आर्थिक, मानव संसाधन नीति संशोधन । | | |

**सम्पन्न हुन बाँकी कार्यहरु**

सदस्य सन्तुष्टि सर्वेक्षण गर्न ।

लक्ष्य बमोजिम व्यवसाय विकास (सिप) तालिम, सहकारी शिक्षा, वित्तिय शिक्षा, अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्न ।

प्रोवेसन ब्राण्ड ल्याउन ।

तोकिए बमोजिमको भाखा नाघेको कर्जा असुल हुन

## ६. कर्मचारी व्यवस्थापन संरचना र दरवन्दी

संस्थाहरुलाई कुल सम्पत्ति र कुल सदस्यहरुको आधारमा निम्न अनुसार वर्गिकरण गरी कर्मचारी व्यवस्थापन संरचना लागु गर्न सकिने छ ।

**साङ्गठनिक ढाँचा**



## आ.व. २०८२/०८३ का लागि कर्मचारी दरबन्दी

| पद | संख्या |
|---|---|
| प्रमुख कार्यकारी अधिकृत | १ |
| नायव प्रमुख कार्यकारी अधिकृत | १ |
| सूचना प्रविधि अधिकृत | १ |
| लेखापाल | १ |
| सेवाकेन्द्र प्रमुख | १७ |
| सहायक | १३ |
| फिल्ड सहायक | १८ |
| श्रेणी विहिन | १३ |
| जम्मा | ६५ |

## ७. संस्था अनुगमन निरिक्षण भएको

नेफ्सकुनबाट २ पटक,

## ८. कर्मचारी तथा संचालकहरुको क्षमता अभिबृद्धिका लागि सञ्चालन गरिने कार्यक्रम

| | |
|---|---|
| सदस्य सेवा विकास परामर्स (उद्यमी तालिम) | नियमित |
| समुह सञ्चालन तथा व्यवस्थापन, बचत बृद्धि | कार्तिकको पहिलो साता |
| सुचना प्रविधि | कार्तिक र फागुन पहिलो साता |
| समिति, उपसमितिको क्षमता विकास | मंसिर पहिलो साता |
| पर्ल्स विष्लेषण | मंसिर तेस्रो साता |
| लेखा व्यवस्थापन | पौष तेस्रो साता |
| ऋण व्यवस्थापन | कार्तिक/माघ तेस्रो साता |

९. आ.व. २०८२।८३ मा गरीने कार्यक्रमहरू :

| | | |
|---|---|---|
| वार्षिक समीक्षा | असोज पहिलो साता | व्यवस्थापन प्रमुख |
| छात्रबृत्ति वितरण | असोज महिना भित्र | व्यवस्थापन समुह |
| वार्षिक प्रतिवेदन छपाई | असोज १५ भित्र | कार्यदल |
| निति निर्माण तथा पुन:लेखन | असोज मसान्त भित्र | कार्यदल |
| वार्षिक साधारण सभा | असोज अन्तीम साता | संचालक समिति |
| सदस्य सन्तुष्टी सर्वेक्षण | चैत्र मसान्त भित्र | कर्मचारीहरु |
| त्रैमासिक आ.ले.प. | हरेक त्रैयमासिक | लेखा समिति |
| उपसमिति पुन:गठन | कार्तिक मसान्त भित्र | संचालक समिति |

| | | |
|---|---|---|
| विस्तारित मन्च र सहकारी तथा वित्तिय शिक्षा | हरेक महिना नियमित इलाकागत | शिक्षा उपसमिति, इलाका प्रमुख, ऋण अधिकृत |
| ऋण असूली प्रकृयामा जाने | नियमति मासिक रुपमा | ऋण अधिकृत, प्रमुख कार्यकारी अधिकृत र ऋण उपसमिति |
| स्वास्थ्य शिवीर | मंसिर दोस्रो साता | सम्बन्धीत इलाका व्यवस्थापन उपसमिति |
| रक्तदान कार्यक्रम | कार्तिक, बैशाख | युवा परिचालन उपसमिति |
| सदस्य दूर्घटना बिमा नविकरण | कार्तिक ६ गते भित्र | सम्बन्धीत कर्मचारी |
| भित्ते पात्रो छपाई | चैत्र २५ भित्र | कार्यदल |
| इलाका स्तरिय समिक्षा गोष्ठि | चैत्र मसान्त भित्र | इलाका व्यवस्थापन उपसमिति |
| पर्वविशेष कार्यक्रम | मंसिर, माघ, फागून, चैत्र महिना | सम्बन्धीत इलाका व्यवस्थापन उपसमिति |
| समुह प्रमूखहरुको गोष्ठि | फागून र चैत्र मसान्त | इलाका प्रमुख र प्रमुख कार्यकारी अधिकृत |
| तृतिय त्रैमासिक आलेप | बैशाख २० भित्र | लेखा समिति |
| स्थापना दिवस विशेष कार्यक्रम | जेष्ठ ३ गते | अध्यक्ष |
| सम्मान पुरस्कार | स्थापना दिवस | कार्यदल |
| वार्षिक योजना तर्जुमा | ८३ असार पहिलो साता | प्रमुख कार्यकारी अधिकृत |

अन्तमा, हामी शेयर सदस्य नै संस्थाका मेरुदण्ड हौं । सदस्यहरुको सक्रियता र निस्वार्थ सहभागिता विना संस्थाले ठोस उपलब्धी हाँसिल गर्न नसक्ने सबैलाई वितिते छ । यस संस्थाले ३० औं वर्ष पार गरिसकेको छ । संस्थालाई उचाईसम्म पुऱ्यान हामी सबै शेयर सदस्य एकजुट भएर लाग्नुको विकल्प छैन् । यसैगरी संस्थाका कार्यक्रमहरुमा सहभागी भई संस्थालाई अझ उचाईसम्म पुऱ्याउन सबैको सहयोग र साथ रहने छ, भन्ने आशा लिएको छु । यसैगरी आगामी निर्वाचनबाट सवल सक्षम समितिको चयन होस । आगामी संचालकहरुमा आउनुहुनेलाई बधाई तथा सफल कार्यकालको शुभकामना सहित कार्यक्रम सफल पार्न सहयोग गर्नुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद ।

जय सहकारी ॥

## निष्कृय सदस्यले नपाउने सुविधाहरू:-

१. ऋण लिन (आकस्मिक सहित)
२. जमानी बस्न ।
३. प्रतिनिधि तथा उम्मेद्वार हुन ।
४. मुनाफा पाउन ।
५. राहत सुविधा पाउन ।
६. दुर्घटना बिमा सुविधा पाउन ।

"सक्रिय सदस्य बनौं, पाउने सुविधाबाट बञ्चित नहौं"

# आ.व. २०८१/०८२ को यथार्थ र आ.व. २०८२/०८३ को अनुमानित बजेट



धनसरा शर्मा
कोषाध्यक्ष

यस ३० औं वार्षिक साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, तथा अन्य संघ संस्थाबाट पाल्नु भएका अतिथिज्यू, सञ्चालक समितिका सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समिति, अन्य उपसमितिका सदस्यज्यूहरु, संस्थाका कर्मचारीहरु तथा सम्पुर्ण सदस्यज्यूहरु सबैलाई मेरो सहकारी अभिवादन ।

आज हामी यस संस्थाको ३० औं वार्षिक साधारण सभामा उपस्थित भएका छौं । यस संस्था ३० औं वर्ष पारगरी ३१ औं वर्षमा पाइला टेकी सकेको छ । अहिले हाम्रो संस्थामा २२,०६५ जना शेयर सदस्य रहेका छन् । यहाँहरुको यस्तै सहयोग र योगदान रहि रहँदा संस्था दिनानु दिन प्रगतिको बाटोमा अगाडि जानेछ । आर्थिक, सामाजिक र साँस्कृतिक चेतनाको कमीले रुमलिएको हाम्रो समाजलाई यस क्षेत्रको एक आर्थिक धरोहर यस विश्वाशिलो बचत तथा ऋण सहकारी संस्था लि.ले सहकारी शिक्षाद्वारा जिवन पद्धती आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरण गरी अघि बढ्दै आएको छ र भविष्यमा यसै गरी सदस्यहरुले सहयोग र विश्वास गरेमा सहकारी र सदस्यको प्रगति हुने विश्वास लिएको छु । आगामि वर्षको लागि सहकारी तर्फको अनुमानित आय-व्यय विवरण तथा वासलात तपसिल बमोजिम पेश गरेको छु । यस संस्थाको वार्षिक साधारण सभा समक्ष प्रस्तावित आ.व. २०८२।०८३ को वार्षिक अनुमानित कार्यक्रमहरु यस प्रकार प्रस्तुत गरिएको छ ।

| दायित्व तर्फ | २०८०।०८१ को यथार्थ | २०८१।०८२ को | | | २०८२।०८३ को अनुमानित लक्ष्य |
|---|---|---|---|---|---|
| | | प्रस्तावित लक्ष्य | यथार्थ | प्रगति | |
| शेयर पूंजी | ७१८०२४०० | ८५०२२००० | ७३३६११०० | ८६ | ८०९३६५०0।० |
| कोषहिसाब | ६३३१४१०९ | ६६६७७३३४ | ६९८५४३९३ | १०५ | ७७५६२००५।२ |
| बचत बांकि | ५१४८४५५८९ | ६९३८५६५०० | ५।८२३ँ०८ | ८४ | ८१९६४५१२।६ |
| तिर्नुपर्ने बाह्य ऋण | १५४४३०९१ | ४४६९७८९६।४ | २०५५५०९८ | ४६ | ३७३३१७१८।८ |
| जोखिम कर्जाकोष | ३८५५८९९० | ३५३५०००० | ४४७९३८२४ | १२७ | ४८५७२२४१।८ |
| बांकि दायित्व | ३४२९२०१७९ | १६४२१७५३।९ | ३३०८१८६२ | २०१ | ३७०१८१२३।० |
| **जम्मा दायित्व** | ७३८२५६१९६।९ | ९४२०२५४८४।२ | ८२४१३३९८३ | ४३ | ११०१०६५७१०।४७ |
| **सम्पत्ति तर्फ** | **२०८०।०८१ को यथार्थ** | **२०८१।०८२ को** | | | २०८२।०८३ को अनुमानित लक्ष्य |
| | | **प्रस्तावित लक्ष्य** | **यथार्थ** | **प्रगति** | |
| नगद | २४६९३९९।९२ | १४०५४२७४१ | २११२४८७ | १५० | ३६३५२६५।५ |
| बैंक | ७५०७०८७९।७ | ९०८००००० | १।१६ँ०८ | १२८ | १०६६००४११।९ |
| लगानी हिसाब | १८७५५०० | २४५७९०० | १८७५५०० | ७६ | १८७५५००।० |
| अन्य पाउनूपर्ने | १५७०९९० | २३२६६५० | २७०२३१२५ | ११६१ | २७३३१७१८।८ |
| ऋण लगानी | ६२६३८५३१५ | ८३१३२०००० | ६।६२ँ०८ | ८० | ९४४६०४६९१।३ |
| स्थिर सम्पत्ति | ३०८८४११२।३ | १३७१५५०७१ | १४५६५१९६ | १०६ | १७०१८१२३।० |
| **जम्मा सम्पत्ति** | ७३८२५६१९६।९ | ९४२०२५४८४।५ | ८२४१३३९८३ | ४३।२ | ११०१०६५७१०।४७ |

## आम्दानी खर्चको विवरण

| विवरण | २०८०।०८१ को यर्थाय | २०८१।०८२ को लक्ष्य | २०८१।०८२ को अषाढ | प्रगति प्रतिशत | २०८२।०८३ को अनूमानित लक्ष्य |
|---|---|---|---|---|---|
| ऋणबाट प्राप्त आम्दानी | ८१५२९२५४ | ११०१४९९०० | ७६१७८२८३ | ६९.२ | ७२९२०४४३ |
| मसलन्द शूल्क | ६००३६८६ | ८५९५००० | ४९५९५५५ | ५७.७ | ६९५५७०० |
| हर्जाना | २९५३२९२ | २३५०००० | १६५३८६८ | ७०.४ | २५४८१३९ |
| बैक व्याज आम्दानी | ३९११४३६ | ५००२२६० | १७२६८६७.९ | ३४.५ | २६८७१४८.५५ |
| अन्य आम्दानी | ११५५६१० | १४६०००० | ११०२५५१.५ | ७५.५ | २७४०००० |
| **जम्मा** | **९५५५३२७८** | **१२७५५७१६०** | **८५६२११२५.६** | **६७.१** | **८७८५१४३०.५४** |
| **खर्च तर्फ** | | | | | |
| यातायात, ढुवानी तथा ज | १०८८४७ | १३१००० | १६०७४५.६६ | १२२.७ | ४१३००० |
| तलब तथा कर्मचारी | २४३१३६३२ | २५४३७६२० | २४५३७११२ | ९६.५ | २४४३७६३४.४ |
| हलभाडा | ० | १६८५८०० | १६९४६ | १.० | १४१७५६७ |
| मसलन्द तथा स्टेशनरी | ५८२३७८ | ९६५००० | ५३९३०९.४ | ५५.९ | ५८४००० |
| ह्रासकट्टी | ३००५६०५.६२८ | २०३५००० | २९६१०३९.८ | १४५.५ | १७७०७५० |
| मर्मत संभार | ६५५२० | ८९००० | १००२२० | ११२.६ | १०७७०० |
| इन्धन | ६६५२८ | ४१४००० | ५२४५० | १२.७ | १५००० |
| विद्युत, पानी महसुल | २२२९०२ | १६६००० | २००८९३.६ | १२१.० | १९७४०० |
| मोवाई, टेलिफोन महसुल | ११२५९० | १२३४०० | १०६०४० | ८५.९ | ९९८८० |
| बचतमा व्याज खर्च | ३८७४८९८९.५९ | ५२०३९२३८ | ३६८६८२६० | ७०.८ | २८१९३११३.३ |
| बाह्य ऋणमा व्याज | २७२२०६३.०५ | ५०००००० | १९२२१००.८ | ३८.४ | २९१४६३८ |
| जोखमि कर्जा व्यवस्था | ११४०६१७९ | २११७९९९ | ६२३४८३३.६ | २९४ | ३९९८५० |
| विविध खर्च | १०१२०५१२.६५ | १२९७६१०२ | ८९५७५५८.२ | ६९.० | ८८९९३०० |
| **जम्मा** | **९१४७५७४६.९२** | **१०३१८०१५९** | **८२६५७५०९.२** | **८०.१** | **६९४४९८३२.६४** |
| **नाफा, घाटा** | **४०७७५३१.०८२** | **२४३७७००१** | **२९६३६१६.४४** | **१२.२** | **१८४०१५९७.९१** |
| **विविध खर्च विवरणहरु** | | | | | |
| **कार्यक्रम तर्फ** | | | | | |
| सहकारी शिक्षा तथा विस्तारित मन्च | ४९१९५.०० | ४८००००.०० | ६६६५४.०० | १३.८९ | २०००००.०० |
| समिक्षा कार्यक्रम गोष्ठि | १८६००.०० | १५००००.०० | ९६७०.०० | ६.४५ | ५००००.०० |
| वार्षिक साधारण सभा सम्बन्धी खर्च | ४४८९१४८.०० | ५४५३५००.०० | ४५१३१९०.०० | ८२.७६ | २५०००००.०० |
| केन्द्रप्रमुख गोष्ठि | | १२५५००.०० | ५४१९१.०० | ४३ | ११२०००.०० |
| रक्तदान कार्यक्रम संचालन | १७३३५.०० | ५००००.०० | १७८४०.०० | ३५.६८ | ५००००.०० |
| पर्वविषेश शभकामना आदान प्रदानकार्यक्रमहरु | १५३००.०० | १५००००.०० | १९२५०.०० | १२.८३ | १०००००.०० |
| संस्था स्थापना दिवस मनाएको | ३०१५३.०० | ३०००००.०० | ४०२२०.०० | १३.४१ | १०००००.०० |
| योजना तर्जुमा खर्च | | २००००.०० | | ०.०० | ५००००.०० |
| क्षमता अभिबृद्धि तालिम तथा प्रोवेसन | ९१९३०.०० | २०००००.०० | ९४६००.०० | ४७.३ | १५००००.०० |
| व्यवसायीक सिप विकास परामर्स तथा तालिम कार्यक्रम | ०.०० | १०००००.०० | | ०.०० | १०००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| छात्रबृत्ति खर्च | १७५००.०० | १०७०००.०० | ३७५००.०० | ३५.० | ५००००.०० |
| अध्ययन अवलोकन भ्रमण | | १०००००.०० | ४०७५०.०० | ४०.८ | १०००००.०० |
| सदस्य सन्तुष्टी सर्बेक्षण | | ५००००.०० | | ०.० | २५०००.०० |
| सम्मान पुरस्कार | | ३०००००.०० | ०.०० | ०.०० | १०००००.०० |
| **जम्मा** | **४७२९१६१.००** | **७५८६०००.००** | **४८९३८६५.००** | **६४.५१** | **३६८७०००.००** |
| **अन्य खर्च तर्फ** | | | | | |
| अतिथि सत्कार | १८४२० | ६१५०० | २२३३० | ३६.३ | ४६५०० |
| आन्तरिक ले.परिक्षण | ९८२६५ | ९२००० | ७८१५८ | ८५ | १०७००० |
| बाह्य लेखापरिक्षण | १२०००० | १५०००० | १६०००० | १०७ | ३००००० |
| झोला खरिद | ० | ० | ० | | ८०००० |
| बैक चार्ज र बाह्य ऋण | ३३८७१ | १५६०० | १४३७०८.५३ | ९२१ | २००००० |
| पत्रिका | ० | | | | ० |
| व्यवस्थापन (मेस,कोठा सं | २२३२५ | ५६७५० | २०३६५ | ३५.९ | ४०००० |
| सदस्यता नविकरण | ६२९९७ | ६५५०२ | २३८०७ | ३६.३ | २५००० |
| विज्ञापन | | ० | २००० | | ५००० |
| ऋण असूली खर्च | ३४८१५० | ४४०००० | २८०३५३ | ६३.७ | ४००००० |
| धितो मूल्यांकन | ८३२९२ | ४०५००० | ३५०६३४ | ८६.६ | ५००००० |
| निरिक्षण अनुगमन खर्च | ० | १००००० | ० | ० | १०००० |
| भल्ट,काउन्टर र बैंक कारोवार विमा खर्च | | २२८००० | २९८६५.३८ | १३.१ | ४०००० |
| सदस्य दुर्घटना विमा खर्च | ११७५४५२ | १४०१९५० | ९७३५७९.३३ | ६९.४ | १०००००० |
| समिति कर्मचारी दुर्घटन | १०८७३७ | २५२००० | १०१७२३ | ४०.४ | ११०००० |
| इन्टरनेट, नेटवर्किङ | २१०२२२ | २८३००० | २२८२३३ | ८०.६ | २३०००० |
| सफ्टवयर, मोवाईल एप्स | २३०७३८ | २८३५०० | १९३९०८ | ६८.४ | २०२५०० |
| क्यालेण्डर छपाई | १३९८३८ | २१०५०० | ११८६५० | ५६.४ | १५०००० |
| बैठक व्यस्थापन तथा सं | १०११४४० | ६८०००० | ६१९८९६ | ९१.२ | ७००००० |
| खातान्दीमा चियाखाजा | ८४८५ | २६८०० | ० | ० | ० |
| समितिलाई पोशाक | | ० | | | ० |
| तालिम, गोष्ठि खर्च | २१२००० | १६८००० | ३२७४४८ | १९५ | ३५०००० |
| अन्य विविध खर्च | ४२८३४८.६५ | ३२०००० | २०३४८७.९९ | ६३.६ | २५००० |
| व्यवसाय कर खर्च | २२०९१ | १९००० | ४६२१७ | २४३ | ५०००० |
| हर्जाना, व्याज छुट खर्च | ९९०६८० | ० | ० | | ५००००० |
| इ हाजिर खर्च | १५००० | १००००० | १०४३०० | १०४ | १०५००० |
| इमेल सरभर खर्च | २१००० | २१००० | २३७३० | ११३ | २५००० |
| वेबसाइट खर्च | ३०००० | १०००० | ११३०० | ११३ | ११३०० |
| **जम्मा** | **५३९१३५१.६५** | **५३९०१०२.००** | **४०६३६९३.२३** | **७५.३९** | **५२१२३००.००** |
| **कुल विविध खर्च** | **१०१२०५१२.६५** | **१२९७६१०२.००** | **८९५७५५८.२३** | **६९.०३** | **८८९९३००.००** |

अन्तमा प्रस्तावित बजेट तथा कार्यक्रमको सफलतापूर्वक कार्यान्वयनका लागि यहाँ सदस्यज्यूहरुको सक्रिय सहभागिताको अपेक्षा राख्दै व्यक्तिगत महत्वकांक्षा भन्दा माथि उठि संस्थागत विकासमा एक ढिक्का हुनु हुनेछ भन्ने विश्वासका साथ प्रस्तावित बजेटमाथि बृहत छलफलगरी सर्व सहमत रुपले पारित गरिदिनु हुनु हार्दिक अनुरोध गर्दै आगामी संचालकहरुमा आउनुहुनेलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै विदा हुन चाहन्छु । धन्यवाद ।

जय सहकारी ॥

# ऋण उप समितिको प्रतिवेदन

## २०८१/०८२



झक प्रसाद उपाध्याय
ऋण उप समिति संयोजक

यस ३० औं बार्षिक साधारण सभाका सभा अध्यक्ष ज्यू , प्रमुख अतिथि ज्यू, बिभिन्न कार्यालय संघ संस्था बाट हाम्रो निम्तोलाई स्वीकार गरी पाल्नुभएका अतिथि ज्यूहरु संस्थाका मालिक आदरणीय शेयर सदस्य ज्यूहरु संचालक समितिका साथिहरु लेखा सुपरिवेक्षण समितिका साथीहरु पत्रकार सुरक्षा कर्मि संस्थाका सम्पुर्ण कर्मचारी मित्रका साथै शुभ चिन्तक महानुभावहरुमा संस्था र मेरो व्याक्तिगत तर्फबाट हार्दिक नमन । जय सहकारी ॥

विश्वासिलो बचत तथा ऋण सहकारी संस्था २०५२ सालमा स्थापना भएर अहिले हामि संस्थाको ३० औ वार्षिक साधारण सभा मनाई रहेका छौ यसका साथ साथै सदस्यको आर्थिक सामाजीक र सांस्कृतिक रुपान्तरणका लागी सदस्य मुखि कार्यक्रमलाई सदस्य मार्फत जनता समक्ष पुर्याउने जमर्को गरेका छौ । यस संस्थाको कार्यक्षेत्र बर्दिया जिल्लाका ८ वटै पालीकाहरु र बाँके जिल्लाका ३ वटा पालीकाहरुमा विशेष गरी गरिव निमुखा विपन्न वर्गका जनताहरुमाझ सेवा दिने हिसावले १७ वटा सेवाकेन्द्र स्थापना गरी सेवा दिने काम विश्वाशिलो बचत तथा ऋण सहकारी सस्था ले गर्दै आएको छ ।

हाल संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि सहकारी ऐन-२०७४ तथा नियमावली २०७५, प्रदेश सहकारी ऐन, नियमावली एवं स्थानिय तहका सहकारी ऐन, पटकपटक जारी हुने निर्देशनको अधिनमा रही, ऋण माग गर्ने सदस्यको व्यवसाय विस्तारका लागि नवीनतम उद्यमशीलता, कृषि, पर्यटन कर्जामा जोड दिंदै ऋणको उद्देश्य र छऋ मापन गरी स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आएका छौं ।

### ऋणको सिमा तथा लगानी

यस संस्थाले शेयर सदस्यहरुको आवश्यकता मध्यनजर गर्दै ऋण लगानीको सिमालाई अधिकतम प्राथमिक पुजिँ कोषको १० प्रतिशत सम्म पुर्याएको छ, भने ऋण लगानी प्रकृयालाई सरल, सहज, छिटो र प्रभावकारी बनाउन ५ लाख सम्म इलाकाबाट, १० लाखसम्म उच्च व्यवस्थापनबाट, २५ लाख सम्म इलाका व्यवस्थापन उपसमितिको सिफारीसमा ऋण उप समिति ले र २५ लाख भन्दा माथीका ऋण फाइलहरु ऋण उप समितिको सिफारीसमा संचालक समितिले स्वीकृत गर्ने व्यवस्था गरेका छौ । यस संस्थामा ऋण लगानी र असुलि प्रकृयालाई प्रभावकारी बनाउन आवश्यकता अनुसार बैठक बस्ने गरीएको छ र ऋण उप समितिको बैठक महिनामा दुई पटक बसि ऋण

स्वीकृत र सिफारीस प्रकृयालाई निरन्तरता दिएका छौ, संस्थाले विश्वासिलो समृद्ध किसान महिला उद्यमी कार्यक्रम अन्तरगत रहेर महिला शेयर सदस्यहरुका लागी समुह जमानी राखी विना धितो २ लाख ५० हजारसम्म ऋण प्रवाह गर्दै आएका छौ, र शेयर सदस्यहरुलाई ऋण लिन सहज होस भन्नकोलागी व्यापारीक समुह र ग्रामीण विश्वासिलो समुह बनाई शेयर सदस्यहरुलाई ऋण लगानी गर्ने नीतिगत व्यवस्था मिलाइएको छ, ५ लाख भन्दा माथिको धितोकोहकमा संस्थागत मुल्याकनकर्ता नियूक्तिगरी ऋणको सुरक्षण बापत मालपोत कार्यालयबाट धितो बन्धक रोक्का गर्ने गरीएको छ, साथै २५ लाखसम्मको ऋणको हकमा संस्थाले ऋण बिमा कार्यक्रम पनि संचालन गर्दै आएको कुरा जानकारी गराउदछौ ।

**कार्य सम्पादन**

आ.व.२०८०/०८१ मा कुल ऋणी संख्या ६७५२ जना जसमा महिला ५३३६ जना पुरुष १४१६ जनालाई ६२६३८१०७३।६९ ऋण लगानी भने यस आ.व.२०८१/०८२ मा कुल ऋणी संख्या ६१८१ जना जसमा महिला ४५४६ जना पुरुष १२४२ जनालाई ६६२०८८७६१।३२ ऋण लगानी गरीएको छ । २०८१/०८२ अषाढ मसान्त सम्मको भाखा नाघेको ऋण ११.८२ प्रतिशत रहेको छ । विषम परिस्थिती, आर्थिक संकट, व्यापार व्यावसायमा भएको विचलन लगायतले भाखा नाघेको प्रतिशत कम गर्न नसकिए पनि यस वर्ष सबैको साथ सहयोगले असुल गर्न सफल भएका छौ भने आगामी दिनहरुमा तपाईहरुको साथ र सहयोगले आज यहँसम्म आइपुगेका छौ । सबैको निरन्तर साथ सहयोग रहिरहेमा ५ प्रतिशत भन्दा कम गर्न सकिने कुराको समेत जानकारी गराउँदछु ।

**अनुरोध**

यस संस्थालाई यहाँसम्म ल्याउनमा हाम्रा सम्पुर्ण शेयर सदस्य ज्यूहरुले ठुलो भुमीका खेल्नुभएको कुरा यो संस्था र हामी कहिल्यै भुल्ने छैनौ तर पनी कता कता ऋण उप समितिको संयोजक भएकाले तपाईहरुले लग्नुभएको ऋण सही ठाउँमा सदुपयोग गरीदिनुभएन या लिएको ऋण तिर्न पर्ने समयमा तिरिदिनुभएन भने भोलिका दिनहरुमा संस्थाले तपाईहरुलाई दिने शेयर बोनस, ब्याज, संरक्षीत पुजिँ कोष सोचे जस्तो धेरै आफ्ना शेयर सदस्यहरुलाई बाड्न सकिएन भने तपाई हामीले सोचे जस्तो सहकारी संस्था बनाउन नसकिने कुराको समेत जानकारी गराउदछु, त्यसैले आफुले लिएको ऋणको ब्याज र किस्ता समयमै तिरी तपाई हाम्रो यात्रा युगौ युगसम्म यस संस्थालाई प्रदेशकै नमुना सहकारी बनाउन र एउटा असल ऋणीको रुपमा परीचय दिनहुन अनुरोध गर्दछु ।

धन्यवाद

अन्तमा यस संस्थालाई सहयोग पुऱ्याउने सहकारी विभाग, छाता संगठन, मालपोत कार्यालय, नापी कार्यालय, स्थानीय तह, संघ संस्था, धितो मुल्यांकनकर्ता कन्सल्टेन्सीहरु, शेयर सदस्य ज्यूहरु, संचालक समिति, लेखा सु परीवेक्षण समिति, उपसमितिहरु शुभ चिन्तकहरु र कर्मचारीहरु सबै सबैमा ऋण उप समितिको तर्फबाट धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

जय सहकारी ॥

# लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन

## २०८१/०८२



चित्र प्रसाद खनाल
लेखा सुपरीवेक्षण समिति
संयोजक

३० औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, यस सभाका प्रमुख अतिथिज्यू, विभिन्न कार्यालय, संघ संस्थाबाट पाल्नुभएका अतिथिज्यूहरु संस्थाका मेरुदण्ड आदरणीय शेयर सदस्यज्यूहरु, केन्द्रीय प्रतिनिधिज्यू, सञ्चालक समितिका मित्रहरु तथा लेखा सुपरीवक्षण समितिका सदस्यूहरु, पत्रकार, सुरक्षाकर्मी, संस्थाका सम्पूर्ण कर्मचारी वर्ग र शुभचिन्तक महानुभावहरुमा संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं सहकारी अभिवादन । देशको विषम परिस्थितीमा पनि संस्थाले कर्मचारीहरुलाई परिचालन गरी सम्बन्धित कर्मचारीहरु सदस्यहरुके घरदेलोमा गई संस्थाबाट दिइने सेवा सुविधा दिनबाट संस्था पछि नपरेको जानकारी गराउन चाहन्छु । यस गरिमामय साधारण सभासमक्ष लेखा सुपरिवेक्षण समितिको तर्फवाट आ.व. २०८१/०८२ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन पेश गर्न गईरहेको अनुरोध गर्न चाहन्छु ।

**क) अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अबस्था :-**

२९ औं वार्षिक साधारण सभाले पारित गरेका निर्णयहरु मध्ये अधिकांश निर्णयहरु कार्यान्वयन भै पुरा भई सकेका र केहि पुरा हुन नसकेका निर्णयहरुलाई पनि पुरा गर्न सुझाव दिइएकोछ ।

**ख) आ.व. २०८१। २०८२ मा यस सञ्चालक समितिका १२ वटा वैठक बसि विभिन्न संस्थागत हितका निर्णयहरु गरी कार्यान्वयन भएको तर तपसिल बमोजिमका निर्णयहरु कार्यान्वयन नभएको पाइयो ।**

१) भाखा नाघेको ऋण असुली उल्लेख हुन नसकी ५ प्रतिशत भन्दा कम हुन नसकेको ।

**ग) ऋण लगानिको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था :-** ऋण लगानिको प्रक्रिया ऋणनीति बमोजिम भइरहेको र सुरक्षण सम्वन्धमा तपसिल बमोजिमको प्रक्रिया रहेको छ ।

**अ. सदस्यले दिने सुरक्षण :-**

१ आफनो बचत धितो

२ समुह तथा कार्यालयको बचत धितो

३ अन्य सदस्य समितिको बचत धितो

४ घरजग्गा धितो

**आ. संस्थागत सुरक्षण :** संस्थाले लगानि गरेको सुरक्षणका लागि तपशिल बमोजिमको व्यवस्था

गरिएको छ ।

१) भाखा नाघेको रकममा असल ऋणको लागि व्यवस्था १ प्रतिशत, ३ महिनादेखि ६ महिना सम्मकोमा २५ प्रतिशत, ६ महिनादेखि १२ महिनासम्मकोमा ५० प्रतिसत र १ वर्ष भन्दा बढि भाका नाघेको ऋण १०० प्रतिशत

२) नियमन निकायबाट जारी भएका मापदण्डहरुको पालना सम्बन्धि विवरण: सहकारी नियमन प्राधिकरण, सहकारी विभाग, प्रदेश दर्ता अधिकारी र स्थानीय तशबाट जारी गरिएका निर्देशन, मापदण्डहरुको पालना संस्थाले राम्रोसंग गरेको पाईयो ।

३) यस वर्ष नेफसकुनबाट २ पटक निरिक्षण भएको पाईयो ।

**६) पदाधिकारीहरुको पारीश्रमिक भत्ता र अन्य सुबिधाको विवरण :**

६.१ पारीश्रमिक

६.२ भत्ता अध्यक्ष प्रतिबैठक २,८५० बढिमा वर्षमा १५ बैठक, उपाध्यक्ष, सचिब र कोषाध्यक्ष रु.२,१००, सदस्य रु.२,१०० ले.स समिती संयोजक प्रति बैठक रु २,८५०, सदस्य रु.१,६०० (बर्षमा ४ बैठक) उ.स प्रति बैठक संयोजक र सदस्य रु.१,०००।–

**७) कर्मचारी प्रशासन :**

७.१ मानव संशाधन नीति भएको ।

७.२ कर्मचारी प्रशासन नीति भएको र प्रयोगमा आइरहेको ।

७.३ भर्ना प्रक्रिया र पारदर्शिता कायम रहेको ।

७.४ कर्मचारीको कार्यबोझ पुरा हुन नसकेको ।

७.५ हालको व्यवस्थापन प्रमुखको योग्यता र तलब सुविधा

योग्यता = एम.वि.एस. (स्नातकोत्तर) पास,

अनुभव = २० वर्ष,

मासिक तलब स्केल =रु.४८,०१५।– सबै सुविधा सहित वार्षिक रु. ८,७६,१२९।८४

**७.६ कर्मचारीको सख्या : जम्मा ६२ जना,**

नियमित २९,

कार्यगत ३३,

**८) लेखा समितिले दिइएका सुझाव कार्यान्वयनको अवस्था:**

लेखा समितिले दिएका सुझाबहरु कार्यान्वयन भएको ।

**९) लेखा समितिले उल्लेख गर्ने चाहेका विवरणहरु ।**

क) सबै सेवाकेन्द्रमा कर्जा लगानि गर्दा अनिबार्य निरिक्षणको ब्यबस्था गर्नुपर्ने ।

ख) नयाँ सेवाकेन्द्रहरुलाई नाफामा लैजाने गरि लक्ष्य निर्धारण गरि कार्यान्वयन गराउनुपर्ने ।

**१०) लेखा सुपरिवेक्षण समितिका सुझावहरु–:**

- सम्पती सुद्धीकरण सम्बन्धी संचालक समितिको बैठकमा छलफल गरि निर्देशिका अनुसार ६-६ महिनामा सम्बन्धित निकायमा जानकारी दिने र सबै सदस्यहरुको सदस्य पहिचान विवरण

अध्यावधिक गर्न सुझाव छ ।

- धेरै सदस्यहरुलाई मोबाइल बैकिंग सेवामा समावेश गराउन सहकारी शिक्षामा जोड दिनुपर्ने ।
- निर्णय गर्दा कार्यान्वियन हुने गरि निर्णय गर्ने व्यवस्था गर्ने वा भएका निर्णयहरु पुरै कार्यान्वयन गर्ने ।
- भाखा नाघेको रकम असुलीका लागि पुर्ण रुपमा नियम, विनियम, आन्तरिक कार्यविधी बमोजिम प्रकृया अगाडी बढाउनु पर्ने ।
- कर्जा लगानी पुर्व निरीक्षण अनिवार्य गर्ने व्यवस्था मिलाउन सुझाव छ ।
- घाटामा रहेका सेवा केन्द्रहरुमा आगामी वर्षमा नाफामा लैजाने गरी कार्ययोजना बनाई लाग्न सुझाव छ ।
- बजेट र लक्ष्य बमोजिम प्रगति हासिल गर्न नसक्ने सेवा केन्द्र, कर्मचारी समिति, उपसमितिहरुलाई लक्ष्य हासि गर्न लगाउन सुझाव छ ।
- संस्थाका पाउनु पर्ने हिसावहरु तत्काल असुली गर्न सुझाव छ ।

**धन्यवाद । जय सहकारी ।**

**यो महिनासम्मको नियमित (मासिक) बचत गर्नुभयो ?**

**यदि गर्नु भएको छैन भने आजै संस्थामा गई नियमित (मासिक) बचत गर्नुहोस र असल शेयर सदस्यको परिचय दिनुहोस् ।**



M.BISTA
& ASSOCIATES
CHARTERED ACCOUNTANTS

स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु
विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लि. .

लेखापरीक्षकको राय

हामीले हाम्रो मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लि. .. को यसै साथ संलग्न २०८२/०३/३२ को वासलात, , सो मितीमा समाप्त भएको आर्थिक बर्ष २०८१/८२ को आय विवरण, कोषमा भएको परिवर्तन, नगद पर्वाह विवरण तथा वित्तीय विवरणहरुसँग सम्बन्धित प्रमुख लेखा निती तथा टिप्पणीहरु समावेश गरेका छौं।

हामीले प्राप्त सुचना एवमं हामीलाई दिईएको स्पष्टिकरण तथा संलग्न निती तथा टिप्पणी अनुसार, हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुको लेखा प्रचलित लेखा सिद्धान्त अनुसार र सोही साथ संलग्न लेखासँग सम्बन्धित टिप्पणीहरुका साथ अध्ययन गर्दा ३२ असाढ २०८२ को वित्तीय स्थिती, सो मितीमा समाप्त भएको आय विवरण तथा नगद प्रवाहको सारभुत रुपमा उचित तथा यथार्थ चित्रण गरेको छ।

रायको आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमानको सिद्धान्तको आधारमा रहि लेखापरीक्षण सम्पन्न गरेका छौं। वित्तीय विवरण सारभुतरुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखापरीक्षण योजना तयार गरि तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पदर्छ। वित्तीय विवरण उल्लेखित रकम र खुलाइएको अन्य विवरणलाई पुष्ट्याईं गर्ने प्रमाणको छड्के परिक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ। संस्थाले अवलम्बन गरेका लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान एवम् वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ। लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकिय व्यवस्था बहन गर्ने अधिकारीको उत्तर दायित्व ( Responsibilities of Management and Those Charged with Governance for Financial Statements)**

नेपाल लेखामिन अनुसार यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार गर्ने तथा तिनको सहि प्रस्तुतिकरण गर्ने उत्तरदायीत्व संस्थाको व्यवस्थापनमा रहेको हुन्छ। यी दायीत्व अन्तर्गत: जालसाजी तथा त्रुटीबाट हुनसक्ने सारयुक्त रुपमा त्रुटीरहित (Free from material misstatement) वित्तीय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियनत्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, उपयुक्त लेखानितीको छनोट एवं प्रयोग तथा परिस्थिति अनुरुप उचित लेखा अनुमान गर्नु पनि समावेश हुन्छन।

वित्तीय विवरण तयार गर्दा संस्थाको अवछिन्नता (Ability to Continue as a Going Concern) यकिन गर्नु र संस्थाको अविछिन्नतासँग सम्बन्धित बिषयबस्तुहरु आवश्यकता अनुसार खुलासा गर्नु व्यवस्थापनको उत्तरदायित्व हो। व्यवस्थापनले संस्थाको खारेजी वा कारोबार बन्द गर्ने मनसाय राखेमा वा यस बाहेकका कुनै वास्विक विकल्प नरहेको अवस्थामा बाहेक अविछिन्ताको मान्यतामा आधारित लेखाङ्कन पद्धति (Going Concern Basis of accounting) अपनाउन समेत व्यवस्थापन उत्तरदायी हुन्छ ।

**लेखापरीक्षकको जिम्मेवारी/ उत्तरदायित्व (auditor's responsibility for the audit of financial statements)**

हाम्रो उद्देश्य वित्तीय विवरणहरु सारयूक्त रुपमा जालसाजी वा त्रुटीपूर्ण रहे नरहेकोमा (Free from material misstatements) उचित रुपमा आश्वस्त भई वित्तिय विवरण प्रति लेखापरिक्षकको राय व्यक्त गर्नु हो । नेपाल

M. Bista & Associates Chartered Accountant Kathmandu Nepal

Address : Kathmandu, Nepal
Contact : 9851177464, 9869006888
E-mail : bistmadan815@gmail.com
m.bistaandassociates@outlook.com

**M.BISTA**
**& ASSOCIATES**
CHARTERED ACCOUNTANTS

## स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु
विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लि. .

### लेखापरीक्षकको राय

हामीले विश्वसिलो बचत तथा ऋण सहकारी संस्था लि. को यसै साथ संलग्न २०८२/०३/३२ को वासलात, , सो मितीमा समाप्त भएको आर्थिक बर्ष २०८१/८२ को आय विवरण, कोषमा भएको परिवर्तन, नगद पर्वाह विवरण तथा वित्तीय विवरणहरुसँग सम्बन्धित प्रमुख लेखा निती तथा टिप्पणीहरु समावेश गरेका छौं।

हामीले प्राप्त सुचना एवमं हामीलाई दिईएको स्पष्टिकरण तथा संलग्न निती तथा टिप्पणी अनुसार, हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुको लेखा प्रचलित लेखा सिद्धान्त अनुसार र सोही साथ संलग्न लेखासँग सम्बन्धित टिप्पणीहरुका साथ अध्ययन गर्दा ३२ असाढ २०८२ को वित्तीय स्थिती, सो मितीमा समाप्त भएको आय विवरण तथा नषद प्रवाहको सारभुत रुपमा उचित तथा यथार्थ चित्रण गरेको छ।

### रायको आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमानको सिद्धान्तको आधारमा रहि लेखापरीक्षण सम्पन्न गरेका छौं। वित्तीय विवरण सारभुतरुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखापरीक्षण योजना तयार गरि तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पदर्छ। वित्तीय विवरण उल्लेखित रकम र खुलाइएको अन्य विवरणलाई पुष्टयाई गर्ने प्रमाणको छड्के परिक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ। संस्थाले अवलम्वन गरेका लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान एवम् वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ। लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

### वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकिय व्यवस्था बहन गर्ने अधिकारीको उत्तर दायित्व (Responsibilities of Management and Those Charged with Governance for Financial Statements)

